बैठक संख्या : १६७

आज मिति २०८१।१०।१४ गते आइतबार दिउसो १:०० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री बद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |
| १८ | पुष्प प्र. अधिकारी | वरिष्ठ शाखा अधिकृत | |

एजेण्डा र निर्णयहरु:

१. गाँउपालिकाको गाँउसभा सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय नं.१. : गाँउपालिकाको आ.व. २०८१/८२ को दोस्रो गाँउसभा मिति २०८१/ ११/१३ गते गर्ने निर्णय गरियो ।

२. साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको लागि लागत साझेदारी सम्बन्धमा ।

निर्णय नं. २. :बागमती प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन हुने तपशिल बमोजिमका कार्यक्रमहरुमा तपशिल बमोजिमको शिर्षकबाट साझेदारी हुने गरी साझेदारी वजेट व्यहोर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | साझेदारी कार्यक्रमको नाम | प्रदेशको बजेट | पालिकाको बजेट शिर्षक र वजेट | कैफियत |
|---|---|---|---|---|
| १. | गृहणि महिला कार्यक्रम<br>(सामाजिक विकास मन्त्रालय अन्तर्गत) | १६८९८४२ | ७२४२१८/-<br>(अन्तरसरकारी साझेदार कार्यक्रम) | |
| २. | पूर्व सिकाई सिप परिक्षण कार्यक्रम<br>(सामाजिक विकास मन्त्रालय अन्तर्गत) | ५०००००/- | ५००००/-<br>(अन्तरसरकारी साझेदार कार्यक्रम) | |
| ३ | अनिवार्य तथा निशुल्क शिक्षा लागु भएको पालिका घोषणा<br>(सामाजिक विकास मन्त्रालय अन्तर्गत) | २५०००००/- | २०००००/-<br>(अन्तरसरकारी साझेदार कार्यक्रम) | |
| ४ | दलित सशक्तिकरण कार्यक्रम | ४००००० | ४००००<br>(अन्तरसरकारी साझेदार कार्यक्रम) | |
| जम्मा: | | | | |

३. कार्यविधि सम्बन्धमा ।

निर्णय नं. ३. :गाँउपालिकाको आ.व. २०८०/८१ को वजेट कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्न तथा आवश्यताका आधारमा तपशिल बमोजिमका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

तपशिल:

क. स्थानीय हाटवजार व्यवस्थापन तथा सञ्चालन कार्यविध २०८१

ख. व्यवसायिक कृषि तथा पशुपन्छी फार्म दर्ता कार्यविधि २०८१

ग. कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१

घ. प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन कार्यविधि २०८१

४. फोहोरमैला व्यवस्थापन तथा सञ्चालन केन्द्रको थप कार्य सम्बन्धमा ।

निर्णय नं. ४. :फोहोरमैला व्यवस्थापन तथा सरसफाई सञ्चालन केन्द्रको निर्माणको लागि रु ५० लाख विनियोजन भएकोमा निर्माण कार्यका लागि विडिङ प्रक्रियाको सबै काम पुरा भई निर्माण व्यवसायीसँग सम्झौता भएकोमा लागत अनुमान तयार गर्दा भुलवश निर्माणस्थल सम्याउने कामको आइटम र परिमाण छुट हुन गएको हुदाँ सो छुटेको काम नगरी निर्माण व्यवसायीले अरु काम गर्न सक्ने अवस्था नरहेको हुदाँ छुटेको कामको कुल लागत अनुमान रु ६४५००० ( छ लाख पैतालि हजार ) को निर्माणस्थल सम्याउने कार्य कार्यालयले सो योजनाको विडिङ प्रक्रियामा वोलकवल भई घटाघट हुदाँ बाँकी रहेको बजेटबाट भुक्तानी हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम कोटेशन विधिवाट निर्माण कार्य गर्ने निर्णय गरियो ।

५. मध्यकालिन खर्च संरचना र आवधिक योजना सम्बन्धमा ।

निर्णय नं. ५. :गाँउपालिकाले मध्यकालिन खर्च संरचना र आवधिक योजना निर्माण गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा हालसम्म गाँउपालिकामा निर्माण नगरिएको तथा गाँउपालिकाको जनशक्तिवाट दक्षता र क्षमताका आधारमा सो दस्तावेज निर्माण गर्न संम्भव नदेखिएको हुदाँ परामर्श सेवा खरिद मार्फत गजुरी गाँउपालिकाको मध्यकालिन खर्च संरचना र आवधिक योजना निर्माण गर्ने निर्णय गरियो ।

६. गाँउपालिकाका कर्मचारीको तह वृद्धि सम्वन्धमा ।

निर्णय नं. ६. :गाँउपालिकाल प्रस्ताव नं १ उपर छलफल गर्दा गजुरी गाउँपालिकामा कार्यरत तपसिल बमोजिमको कर्मचारीहरुलाई बागमती प्रदेश सरकारद्वारा मिति २०७९ फागुन १८ गतेको राजपत्रमा प्रकाशित "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" बमोजिम २०८१ माघ १ देखि लागू हुने गरि तहवृद्धी गर्ने निर्णय गरियो । साथै सोही मितिबाटै निजहरुले खाइपाई आएको तलवमा नघट्ने गरि ग्रेड मिलान गर्ने निर्णय समेत गरियो ।

तपसिल :

| कर्मचारीको नाम, थर : पुजन प्रसाद अधिकारी (क.स.नं. २३५६५७) | |
|---|---|
| साविकको | तह वृद्धि भएको |
| पद : शाखा अधिकृत | पद : वरिष्ठ शाखा अधिकृत |
| सेवा : स्थानीय प्रशासन | सेवा : स्थानीय प्रशासन |
| समूह/उपसमूह : सामान्य प्रशासन | समूह/उपसमूह : सामान्य प्रशासन |
| तह : सातौं | तह : आठौं |
| पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, गाउँ | जेष्ठता लागु हुने मिति: २०८१।०८।०८ |

हीम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| कार्यपालिकाको कार्यालय गजुरी, धादिङ । | पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय गजुरी, धादिङ । |
| **स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम छैटौ तहबाट सातौं तहमा तहकायम भएकोले सातौं तहको जेष्ठता छैटौंतहको नियुक्ति मितिलाई लिइ सोही मितिदेखिकै का.स.मू. लाई आधार मानि आठौंतहमा तह वृद्धि गरिएको।** | |

| **कर्मचारीको नाम, थर : ज्ञान बहादुर खत्री (क.स.नं. २३५२७३)** | |
|---|---|
| साविकको | तह वृद्धि भएको |
| पद : सहायक | पद : अधिकृत |
| सेवा : प्रशासन | सेवा : स्थानीय प्रशासन सेवा |
| समूह/उपसमूह : सामान्य प्रशासन | समूह/उपसमूह : सामान्य प्रशासन |
| तह : पाँचौं | तह : छैठौं |
| पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, ६ नं. वडा कार्यालय, धादिङ । | जेष्ठता लागु हुने मिति: २०८१।०९।०७ |
| | पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, ६ नं. वडा कार्यालय, धादिङ । |

| **कर्मचारीको नाम, थर : इश्वर भुजेल (क.स.नं. २३५३५९)** | |
|---|---|
| साविकको | तह वृद्धि भएको |
| पद : सहायक | पद : अधिकृत |
| सेवा : प्रशासन | सेवा : स्थानीय प्रशासन सेवा |
| समूह/उपसमूह : सामान्य प्रशासन | समूह/उपसमूह : सामान्य प्रशासन |
| तह : पाँचौं | तह : छैठौं |
| पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, ४ नं. वडा कार्यालय, धादिङ । | जेष्ठता लागु हुने मिति: २०८१।०९।०७ |
| | पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, ४ नं. वडा कार्यालय, धादिङ । |

| **कर्मचारीको नाम, थर : संगिता सापकोटा (क.स.नं. २३६४५०)** | |
|---|---|
| साविकको | तह वृद्धि भएको |
| पद : लेखा सहायक | पद : सहायक लेखा अधिकृत |
| सेवा : प्रशासन | सेवा : स्थानीय प्रशासन सेवा |

| | |
|---|---|
| समूह/उपसमूह : लेखा | समूह/उपसमूह : लेखा |
| तह : पाँचौ | तह : छैठौं |
| पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गजुरी, धादिङ । | जेष्ठता लागु हुने मिति : २०८१।०९।०२ |
| | पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गजुरी, धादिङ । |

| कर्मचारीको नाम, थर : पवित्रा रेग्मी (क.स.नं. २३६८५२) | |
|---|---|
| **साविकको** | **तह वृद्धि भएको** |
| पद : सहायक | पद : वरिष्ठ सहायक |
| सेवा : प्रशासन | सेवा : स्थानीय प्रशासन सेवा |
| समूह/उपसमूह : सामान्य प्रशासन | समूह/उपसमूह : सामान्य प्रशासन |
| तह : चौथो | तह : पाँचौं |
| पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, २ नं. वडा कार्यालय, धादिङ । | जेष्ठता लागु हुने मिति : २०८१।०९।२२ |
| | पदाधिकार रहेको कार्यालय : गजुरी गाउँपालिका, २ नं. वडा कार्यालय, धादिङ । |

७. आर्थिक सहायता सम्वन्धमा ।

निर्णय नं. ७. :गजुरी गाँउपालिका वडा नं. स्थायी ठेगाना भएको सिता मिजारको छोरा वर्ष १० को यशुप मिजारको देव्रे आखामा ठुलो चोट लागि पुर्ण रुपमा नदेखे भएकोमा उपचारको लागि आर्थिक सहायता माग भएकोमा दलित लक्षित कार्यक्रम शिर्षकवाट भुक्तानी हुने गरी रु ५००००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

८. एम्बुलेन्स खरिद सम्वन्धमा ।

निर्णय नं. ८. :आ.व. २०८१।८२ को वजेट तथा कार्यक्रममा एम्बुलेन्स खरिदको लागि बजेट व्यवस्थापन भएकोमा गजुरी गाँउपालिका वडा नं. १ मा रहेको प्राथमिक स्वास्थ्यकेन्द्रको नामका राजश्व छुटको प्रक्रिया अवलम्वन गरी खरिद गर्ने निर्णय गरियो ।

९. त्रिशुलीनदी मोटरवोट सञ्चालन कार्यक्रम सञ्चालन सम्वन्धमा ।

निर्णय नं. ९. :आ.व. २०८०/८१ को बजेट किताबमा त्रिशुली नदी मोटरवोट सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्ने प्रयोजनले वजेट विनियोजन गरिएकोमा सो कार्यक्रम सञ्चालनको लागि संभाव्यता अध्ययन गर्ने ।सोको प्रतिवेदन प्राप्त भए पश्चात थप निर्णय गरी प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

१०. गाँउप्रहरी र दमकल चालकको राशन तथा भत्ता सम्बन्धमा ।

निर्णय नं. १०. :यस गाँउपालिकामा कार्यरत तपशिलका गाँउप्रहरी र दमकल चालकलाई तपशिल बमोजिमको राशन भत्ता मासिक रुपमा उपलब्ध गराउने :

| सि.नं. | नामथर | पद | राशन भत्ता रकम (रु.) |
|---|---|---|---|
| १. | केशरमान श्रेष्ठ | वरिष्ठ गाँउपालिका प्रहरी | ३५००/- |
| २. | कृष्ण बहादुर भुजेल | गाँउपालिका प्रहरी | ३५००/- |
| ३. | हरी बहादुर उप्रेती | गाँउपालिका प्रहरी | ३५००/- |
| ४. | राजकुमार घिमिरे | गाँउपालिका प्रहरी | ३५००/- |
| ५. | प्रदिप अर्याल | गाँउपालिका प्रहरी | ३५००/- |
| ६. | पुजन प्रजा | गाँउपालिका प्रहरी | ३५००/- |
| ७. | राजन लामिछाने | गाँउपालिका प्रहरी | ३५००/- |
| ८. | कृष्ण भूजेल | दमकल सवारी चालक | ३५००/- |

११. प्रसुति विदा सट्टा शिक्षक व्यवस्थापनको लागि वजेट सम्वन्धमा ।

निर्णय नं. ११. :गाँउपलिका अन्तर्गतको विद्यालयमा कार्यरत शिक्षकहरु प्रसुति विदामा बस्दा उक्त समयमा सट्टा शिक्षक नियुक्त गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

१२. विपत व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं. १२. :गाँउपालिकाको विपत्त व्यवस्थापनको वजेट शिर्षकबाट भुक्तानी हुने गरी प्रत्येक वडामा रु. ३ लाख वरावरको वडा भित्रका प्राथमिकतामा रहेका अत्यावश्यक विपत सम्बन्धी कार्य गर्न विपत व्यवस्थापन उपभोक्ता समिति गठन गरी कार्य गर्ने निर्णय गरियो ।

१३. असाधरण विदा सम्वन्धमा ।

निर्णय नं. १३. :गाँउपालिकामा कार्यरत लेखापाल (सहायकस्तर पाचौ) श्री संगिता सापकोटाले मिति २०८१/०९/१५ गते आफ्नो व्यक्तिगत स्वास्थ्य तथा पारिवारिक समस्या जनाई एक वर्षको लागि असाधरण विदा माग गर्नु भएकोमा बागमती प्रदेशको स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ६० बमोजिम हुने गरी मिति २०८१/११/०१ गते देखि लागु हुने गरी एक वर्षको लागि नवढ्ने गरी दफा ६३(क) वमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

१४. सहभागी खेलाडीलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १४. :गल्छी गाँउपालिकाले मिति २०८१।१०।१७ र १८ गते आयोजना गर्ने प्रथम गल्छी गाँउपालिका अध्यक्षकप जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगितामा यस गाँउपालिकाबाट सहभागी हुने तपशिलका

प्रमुख प्रशासकीय अधिकृत

खेलाडीहरुलाई प्रति खेलाडी रु ५००० (अक्षरुपी पाँच हजार) आर्थिक सहयोग अध्यक्ष कप खेलकुद प्रतियोगिता शीर्षकबाट गर्ने निर्णय गरियो ।

तपशिलः

पुरुष तर्फः

१. २० केजी आरुस मगर

२. २४ केजी ६ विश्वदीप अधिकारी

३. २८ केजी गणेश वि क

४. ३२ केजी सफल भण्डारी

५. ४८ केजी रितिक भुजेल

६. ५१ केजी आभास श्रेष्ठ

७. ५५ केजी सुरज गुसा

महिला तर्फः

१. २८ केजी अनुष्का खड्का

२. ३८ केजी स्मृति श्रेष्ठ

३. ४० केजी सुस्मिता थापा मगर

४. ४९ केजी विप्सना अधिकारी

५. ५२ केजी अस्मिता सुनार

काता poomsea तर्फः

१. १२ वर्ष मुनी अकृति लक्साल(काता)

२. १७ वर्ष मुनी बन्दना पाठक (काता)

१५. रकमान्तर तथा योजना सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १५. :ठुलपोखरी वाल्सिङ सडक निर्माण वडा नं. ३ निर्माणको लागि रु ७५ लाख विनियोजन भएकोमा निर्माण कार्यका लागि ईविडिङ भई घटाघट हुदाँ बाँकी रहेको बजेटबाट भुक्तानी हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम कोटेशन विधिबाट निर्माण कार्य गर्न तपशिलका योजनाहरुमा रकमान्तर गरी योजना सञ्चालन गर्ने निर्णय गरियो।

तपशिलः

रोम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

१. आदर्श विद्यालय वडा नं .१ मा शौचालय निर्माणको लागि रु १० लाख लागत अनुमान भएको निर्माण कार्यको मिति २०८१।०८।२१ को निर्यानुसार सम्झौता भई निर्माण भइरहेको हुदाँ सो योजनामा रकमान्तर गरी योजना अनुमोदन गर्ने ।

२. वडा नं. ६ बाट माग भइ आएको सडकमा सोलारबत्ती खरिद तथा जडानका लागि रु २ लाख ७० हजार रकमान्तर गरी योजना सञ्चालन गर्ने ।

३. वडा नं. ३ मा महेन्द्रोदय मा.वि. मा सरस्वती मन्दिर निर्माणका लागि रु ३ लाख रकमान्तर गरी योजना सञ्चालन गर्ने ।

१६. गाँउपालिकासँग उपाध्यक्ष शीर्षकबाट कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

निर्णय नं. १६. :गाँउपालिकासँग अध्यक्ष र गाँउपालिकासँग उपाध्यक्ष शीर्षकबाट भुक्तानी हुने गरी देहाय वमोजिमका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहायः

१. खलिनडाँडाँ ठुलोचौर ग्रामिण सडक निर्माण (वडा नं.४ ) रु २ लाख २० हजार।

२. पहिरो रोकथाम (वडा नं. ६) १ लाख २० हजार

३. भलायोखर्क राक्सिङ हटिया धारापानी सिँचाइ कुलो मर्मत ८ लाख २१ हजार

४. व्रह्म कुमारी राजयोग सेवा केन्द्र गेटनिर्माण तथा व्यवस्थापन रु १ लाख

५. सयमुरे सिँचाई कुलो मर्मत (वडा नं.५) ३ लाख

१७. गृहिणी महिला कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा

निर्णय नं. १७. :सामाजिक विकास मन्त्रालयको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि कार्यविधि वमोजिम सूचना प्रकाशन गरी गजुरी गाँउपालिका वडा नं. ३ ६ र ७ मा मौरीपालन सम्वन्धी कार्यक्रममा सहभागी हुने गृहिणी महिलाहरुको निवेदन संकलन गर्ने तथा प्राप्त निवेदनको अध्ययन गरी थप निर्णय गरी कार्यक्रम सञ्चालन गर्ने ।

१८. मेसिन चलाउन अनुमती दिने सम्वन्धमा

निर्णय नं. १८. :आ.व. २०८१/०८२ मा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन, विक्री तथा निकासी शुल्क उठाउनको लागि आदित्य एण्ड आदेश कन्सट्रक्सन प्रा.लि.,गजुरी ६, धादिङ र गजुरी गाउँपालिका विच मिति २०८१।०३।३० मा सम्झौता भई कार्य भइरहेकोमा त्यस संस्थाबाट मिति २०८१।१०।१५ गते मेसिन प्रयोग गर्न अनुमती उपलब्ध गराउने व्यहोराको पत्र पेश गरेकोमा यस गाँउपालिका र त्यस संस्थाबीच भएको सम्झौता र प्रचलित कानूनको प्रतिकुल नहुने गरि गाँउपालिकाबाट स्वीकृत IEE प्रतिवेदन बमोजिम कार्य गर्न अनुमती दिने निर्णय गरियो ।

१९. उद्यम विकास समिति र अनुगमन उपसमिति गठन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं १९ उपर छलफल गर्दा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२(१) बमोजिमको उद्यम विकास समिति र दफा ५८(३) बमोजिमको एक अनुगमन उपसमिति गठन गरियो ।

**उद्यम विकास समिति :**

क) श्री गणेशलाल श्रेष्ठ (अध्यक्ष) : संयोजक

ख) श्री ऋषिलाल श्रेष्ठ (३ नं वडाध्यक्ष) : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी : सदस्य

घ) श्री गंगा श्रेष्ठ (कार्यपालिका सदस्य) : सदस्य

ङ) श्री सिता श्रेष्ठ (स्थानीय उद्यमी) : सदस्य

च) श्री चेलीमाया तामाङ (संघ संस्थाको प्रतिनिधी) : सदस्य

छ) श्री गोमा ढकाल (उद्यम विकास शाखा प्रमुख) : सदस्य सचिव

**अनुगमन उपसमिति :**

क) श्री शर्मिला विशुराल (उपाध्यक्ष) : संयोजक

ख) श्री मैया डल्लाकोटी (कार्यपालिका सदस्य) : सदस्य

ग) श्री पुजन प्रसाद अधिकारी (योजना शाखा प्रमुख) : सदस्य

घ) शर्मिला भण्डारी (स्थानीय उद्यमी) : सदस्य

ङ) श्री श्रीकृष्ण कुमाल : सदस्य सचिव

२०. सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. को प्रोत्साहन भत्ता सम्वन्धमा

निर्णय नं. २०. : यस गजुरी गाँउपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. को प्रोत्साहन भत्ताको लागि आ.व. २०८१।८२ को आ.वि.प्र. अ.भत्ता, प्र. अ. कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता र मा. वि. प्र. अ. प्रोत्सहन भत्ता शिर्षकबाट तपशिल बमोजिमको दररेट कायम गरी प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

१. माध्यमिक तहको प्र. अ. भत्ता - मासिक रु १०००
२. आधारभुत तहको प्र. अ. भत्ता - मासिक ७००
३. आधारभुत तह(०-५) र वालविकासको प्र. अ. भत्ता - मासिक रु ५००

२१. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन सम्वन्धी योजना सम्वन्धमा

निर्णय नं. २१. : यस आ.वमा शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशबाट अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा कार्यक्रम कार्यन्वयनको लागि यस पालिका छनौट भएकोमा उक्त कार्यक्रम कार्यन्वयनको लागि तपसिलको कार्ययोजना स्वीकृत गरी अनिवार्य तथा निशुल्क शिक्षा घोषणा अनुदान कार्यविधि, २०८१ बमोजिम कार्यक्रम संचालन गर्ने तथा तपशिल बमोजिमको अभिमुखीकरण कार्यक्रम र अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्ययोजना २०८१ | | | | | |
|---|---|---|---|---|---|
| क्र स | प्रस्तावित कार्यक्रम | स्थान | समयावधि | जिम्मेवार व्यक्ति/निकाय | अनुगमन सूचक |
| १ | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान | विद्यालयको सेवा क्षेत्र भित्र पालिका भित्र | निरन्तर | विद्यालय ,वडा पालिका, समिति | प्रचार प्रसार सामग्री |
| २ | अभिभावक चेतना कार्यक्रम | विद्यालय समुदायस्तर वडा वडामा | माघ, फागुन | विद्यालय वडा पालिका, समिति | उपस्थिति विवरण |
| ३ | विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फाराम छपाई, कम्प्युटर प्रविष्टि, प्रतिवेदन लगायत) | पालिका वडा तहमा | माघ मसान्त | विद्यालय वडा पालिका सामुदायिक सिकाइ केन्द्र | प्रविष्टी भएको संख्या भरिएको सर्वेक्षण फाराम |
| ४ | विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेसनरी लगायतका सहायता | पालिका वडा तहमा | वैशाख मसान्तसम्म | पालिका | सहायता सामग्री सूची दाखिला रिपोर्ट |
| ५ | विद्यालयमा भर्ना भएका कक्षा ३ सम्मका विद्यार्थीहरुलाई नियमित मेन्टरिङ/काउन्सेलिङ | पालिका वडा तहमा | निरन्तर | विदयालय वडा | उपस्थिति विवरण संख्या |
| ६ | पूर्व प्राथमिक कक्षा (ECD) मा शिक्षण गर्ने शिक्षकहरुलाई मन्टेश्वरी तालिम | शिक्षा शाखा | चैत्र मसान्त | पालिका | उपस्थिति विवरण संख्या |
| ७ | कक्षा ३ सम्मका बालबालिकालाई लक्षित गरी बालमैत्री शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापन | पालिका वडा तहमा | वैशाख मसान्त सम्म | पालिका | सुधारिएको कक्षाकोठा संख्या कार्य सम्पन्न प्रतिवेदन वितरण भर्पाई |
| ८ | विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सहयोग कार्यक्रम | पालिका वडा तहमा | निरन्तर | विद्यालय वडा पालिका | विशेष सहायता पुगेका बालबालिका संख्या |
| ९ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम योजना निर्माण, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा) | पालिका वडा तहमा | आवश्यक्तानुसार | पालिका, वडा, शिक्षा समिति, शाखा | निर्मित योजना माईन्युट प्रगति विवरण |
| १० | कार्यक्रम अनुगमन सुपरिवेक्षण | वडा पालिका समुदाय | निरन्तर | पालिका ,वडा शिक्षा समिति शाखा | अनुगमन प्रतिवेदन |
| ११ | अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा | पालिका वडा तहमा | जेष्ठ १५ | पालिका | घोषणा प्रतिवेदन |
| १२ | कार्यक्रम सम्पन्न प्रतिवेदन | पालिका वडा तहमा | असार पहिलो हप्ता | पालिका | बिल भरपाई |

क. अभिमुखीकरण कार्यक्रमको सन्दर्भ

स्वीकृत कार्ययोजना अनुसार अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चितता तथा घोषणा सम्बन्धी विद्यालयका प्रअहरु, वडा सचिवहरु, सामुदायिक सिकाइ केन्द्रहरु, वडा शिक्षा समिति, गैर सरकारी सामाजिक संघसंसस्थाहरु र गाउँ शिक्षा समितिहरु, राजनैतिक दलका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख. अनुगमन समिति गठनको सन्दर्भ

हेम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चितता तथा घोषणा सम्बन्धमा अनुगमन गर्ने तपसिलका सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

१. गाउँपालिकाको उपाध्यक्ष - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य
३. सबै वडाअध्यक्षहरु - सदस्य
४. गाउँ शिक्षा समितिले मनोनित समितिका कुनै दुई सदस्यहरु - सदस्य
५. शिक्षा शाखा प्रमुख -सदस्य सचिव

२२. विपद् व्यवस्थापन शीर्षकबाट कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय नं. २२. विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी हुने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय:

१. मण्डली भवन घेरावेरा(वडा नं. ६ ) रु २ लाख ।
२. विपद् सामाग्री खरिद तथा वितरण योजना रु ५ लाख २१ हजार ।

२३. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा ।

निर्णय नं. २३. : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ को व्यवस्था बमोजिम गजुरी गाँउपालिकाको तपशिल बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

तपशिल:

१. संयोजक - श्री गणेशलाल श्रेष्ठ (गाउपालिका अध्यक्ष)
२. सदस्य - श्री शर्मिला विसुराल (गाउपालिका उपाध्यक्ष)
३. सदस्य - श्री वद्री प्रसाद जमकटेल (वडाअध्यक्ष तथा कार्यपालिका सदस्य)
४. सदस्य - श्री तारा प्रसाद भण्डारी (वडाअध्यक्ष तथा कार्यपालिका सदस्य)
५. सदस्य - श्री देवराज ओझा (वडाअध्यक्ष तथा कार्यपालिका सदस्य)
६. सदस्य - श्री गंगा श्रेष्ठ (कार्यपालिका सदस्य)
७. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत